# राष्ट्रिय मुख स्वास्थ्य रणनीति

२०८१-२०८७



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
उपचारात्मक सेवा महाशाखा

# राष्ट्रिय मुख स्वास्थ्य रणनीति

२०८१-२०८७

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
उपचारात्मक सेवा महाशाखा

प्रदीप पौडेल
Pradip Paudel

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री
Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

☎ : ०१-५-३६२५३४
: 01-5-362534
Website:www.mohp.gov.np

रामशाहपथ, काठमाडौं, नेपाल
Ramshahpath, Kathmandu, Nepal



पत्र संख्या (Ref. No.): ०८१/८२ चलानी नं. (Dispatch No.): ६०२५ मिति (Date): ........

**नेपालको संविधान २०७२ को धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन** भन्ने उल्लेख गरिएको छ। जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची १ मा मुख सम्बन्धी संक्रमणलाई आधारभूत स्वास्थ्य सेवामा समावेश गरिएको छ। तत्कालिन अवस्थामा मुखको सङ्क्रमण बढीरहेको परिस्थितिमा मुख स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभरुपमा व्यवस्थित गर्न मुख स्वास्थ्य नीति २०७० अनुमोदन भएकोले सो नीतिलाई कार्यन्वयन गर्न **राष्ट्रिय मुख स्वास्थ्य रणनीति २०८१–०८७** तयार गरिएको हो।

मुख स्वास्थ्यको प्रवर्द्धन र मुख स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, रोगहरुको रोकथाम, नियन्त्रण, उपचारको विकास र पूर्नस्थापना गर्दै प्रत्येक नागरिकमा मुख स्वास्थ्य सम्बन्धी गुणस्तरिय सेवाको समतामुलक र सर्वसुलभ पहुँच सुनिश्चित गर्ने उद्देश्यले उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभागले राष्ट्रिय मुख स्वास्थ्य रणनीति (२०८१–२०८७) तर्जुमा गरेको हो । मुख स्वास्थ्य सेवामा सरकारी लगानी वृद्धि गर्दै सेवाग्राही मैत्री गुणस्तरीय सेवा सुनिश्चित गर्नु र देश भरी सञ्चालित सेवाहरुको प्रभावकारी नियमन गर्नु आजको प्रमुख मध्येको विषय हो। सामाजिक आर्थिक रुपले कमजोर रहेका जनसमुदायमा हाल उपलब्ध श्रोत साधनबाट आधारभूत मुख स्वास्थ्य सेवा पुर्याउनु, मुख स्वास्थ्य सेवालाई समतामुलक र उपयुक्त स्रोत साधन सहित सेवालाई व्यवस्थित गर्नु जस्ता चुनौतीको समाधान गर्न यो रणनीति सफल हुनेछ भन्ने अपेक्षा लिएको छु ।

नेपालको संविधानको मर्म र भावना अनुरुप नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनु राज्यको दायित्व हो। यसलाई पूर्ण रुपमा कार्यान्वयन गर्दै जनतालाई मुख स्वस्थ्य सेवामा समानता र वित्तीय सुरक्षा प्रधान गर्न यो रणनीति पूर्ण रुपमा कार्यान्वयन हुन जरुरी रहेको छ । "कसैलाई पनि पछाडी नछोडौं" भन्ने दिगो विकास लक्ष्यको मूल मन्त्रलाई अवलम्वन गर्दै "स्वास्थ्यमा सर्वव्यापी पहुँच" हासिल गर्न यस रणनीतिले योगदान पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, नेपालको मुख स्वास्थ्य सम्बन्धी ६ वर्षिय राष्ट्रिय रणनीति सफलतापूर्वक निर्दिष्ट समय सीमा भित्र संघ, प्रदेश, स्थानीय सरकार र सरोकारवालाको समन्वयमा प्रभावकारी रुपमा कार्यान्वयन हुनेछ भन्ने विश्वास राखेको छु ।

धन्यवाद।

२४ पौष, २०८१

**प्रदीप पौडेल**
**मन्त्री**

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति :



विषय :- शुभकामना

नेपालको संविधान २०७२ मा उल्लेखित स्वास्थ्य सम्बन्धी मौलिक हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ, स्वास्थ्य सेवामा समान पहुँचको हक र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट विभिन्न ऐन, नीति, नियम, निर्देशिका तथा रणनीतिहरु कार्यान्वयनको क्रममा रहेका छन् । अधिकांश दुर्गम स्थानीय तहहरुमा मुख स्वास्थ्य सेवाको पहुँच पर्याप्त नहुनु, आवश्यकता अनुसार उपलब्ध मुख स्वास्थ्य जनशक्तिको समतामुलक वितरण हुन नसक्नु, अनुसन्धानबाट प्राप्त तथ्य अनुसार नीति योजना निर्माण तथा कार्यान्वयन नहुनु, आधुनिकीकरण संगै नेपालीहरुको आहारमा आएको परिवर्तनले गर्दा मुख स्वास्थ्य सम्बन्धी समस्याहरु बढेका छन् । "स्वस्थ मुख स्वस्थ शरीर" भन्ने दीर्घकालिन सोच सहित स्वास्थ्य सेवा विभाग उपचारात्मक सेवा महाशाखाले राष्ट्रिय मुख स्वास्थ्य रणनीति (२०८१-२०८७) तर्जुमा गरेकोमा मलाई खुशी लागेको छ । स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचको विश्वव्यापी लक्ष्य हाँसिल गर्न देशको स्वास्थ्य प्रणालीमा मुख स्वास्थ्यको विकास र विस्तार अपरिहार्य हुन्छ ।

स्वास्थ्यमा आशातित उपलब्धि हासिल गर्न, राष्ट्रिय मुख स्वास्थ्य नीति,२०७०, जनस्वास्थ्य सेवा ऐन, २०७५ को मर्म र भावनालाई कार्यान्वयन गर्न तथा देशको स्वास्थ्य सम्बन्धी आवश्यकता अनुसार मुख स्वास्थ्य सेवाको विकास र विस्तार गरि जनताको मुख स्वास्थ्यको सुरक्षा, रोगको रोकथाम र उपचार समेतको लागि स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचको मान्यता अनुरुप दिगो विकासका लक्ष्य प्राप्तिका निम्ति यस रणनीतिले सहयोग गर्नेछ भन्ने अपेक्षा लिएको छु । यस रणनीतिले संविधान प्रदत्त स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकहरु सुनिश्चित गर्न गुणस्तरीय मुख स्वास्थ्य सेवा कार्यान्वयन गर्न गराउन संघीय प्रणाली अनुसार संघ, प्रदेश, र स्थानीय तहलाई दिशानिर्देश प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

रणनीति योजना तर्जुमाको क्रममा विभिन्न चरणमा योगदान दिनुहुने महानुभावहरु विशेषत प्राविधिक कार्यदल, विषयगत निकायका पदाधिकारीहरु, यस मन्त्रालय एवम् स्वास्थ्य सेवा विभाग अन्तर्गतका कर्मचारीहरु, **WHO-Nepal** लगायत संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस रणनीति योजनाको कार्यान्वयनमा सबै सम्बन्धित निकाय एवं सरोकारवालाहरुको सहयोगको अपेक्षा गरेको छु र सफल कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.........................
डा.रोशन पोखरेल
सचिव

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।


प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

मिति .........



विषय :- शुभकामना

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकास्मिक स्वास्थ्य सेवावाट वन्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ । "कसैलाई पनि पछाडी नछोडौं" भन्ने दिगो विकास लक्ष्यको मूलमन्त्रलाई अवलम्वन गर्दै "स्वास्थ्यमा सर्वव्यापी पहुँच" हासिल गर्न मुख स्वास्थ्य सेवालाई प्राथमिकता दिनु आवश्यक देखिएकोले राष्ट्रिय मुख स्वास्थ्य रणनीति २०८१—०८७ तयार गरिएको हो ।

मुख स्वास्थ्य सेवामा सरकारी लगानी वृद्धि गर्दै सेवाग्राही मैत्री गुणस्तरीय सेवा सुनिश्चित गर्नु र देश भरी सञ्चालित सेवाको प्रभावकारी नियमन गर्नु, सामाजिक आर्थिक रुपले कमजोर रहेका जनसमुदायमा हालको उपलब्ध श्रोत साधनबाट आधारभूत मुख स्वास्थ्य सेवा पु-याउनु मुख स्वास्थ्य सेवालाई समतामुलक र उर्पयुक्त श्रोत साधन सहित सेवालाई व्यवस्थित गर्नु ठुलो चुनौती रहेको छ । मुख स्वास्थ्य रणनीतिको कार्यान्वयन सँगै मुख स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरु अवसरका रुपमा मार्गचित्रण गर्ने छन् भन्ने विश्वास लिएको छु ।

यस रणनीतिले संविधान प्रदत्त स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकहरु सुनिश्चित गर्न गुणस्तरीय मुख स्वास्थ्य सेवा कार्यान्वयन गर्न गराउन संघीय प्रणाली अनुसार संघ, प्रदेश, र स्थानीय तहलाई दिशानिर्देश प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु । रणनीति निर्माण गर्न सघाउ पु-याउनु हुने प्राविधिक कार्य समितिका सदस्यहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभाग अन्तर्गतका महाशाखा तथा केन्द्रमा कार्यरत पदाधिकारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस रणनीतिक योजनाको कार्यान्वयनमा सबै सम्बन्धित निकाय एवं सरोकारवालाहरुको सहयोगको अपेक्षा गरेको छु र सफल कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८१/१०/०२

धन्यवाद

हरिप्रसाद मैनाली

सचिवं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
................................................ महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२६८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्या:-

चलानी नम्बर:-



# शुभकामना

प्रत्येक नागरिकलाई संविधान एवम्  कानून प्रदत्त स्वास्थ्य सम्बधी अधिकार उपलब्ध गराउन तथा "कसैलाई पनि पछाडी नछोडौं" भन्ने दिगो विकास लक्ष्यको मूल मन्त्रलाई अवलम्वन गर्दै"स्वास्थ्यमा सर्वव्यापी पहुँच" हासिल गर्न मुख स्वास्थ्य सेवालाई प्राथमिकता दिनु आवश्यक छ । बढ्दै गएको मुखको संक्रमण तथा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने संविधानको निर्देशन रहेको परिस्थितिमा मुख स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभ रुपमा व्यवस्थित गर्न मुख स्वास्थ्य नीति २०७० अनुमोदन भएकोले सो नीतिलाई कार्यन्वयन गर्न मुख स्वास्थ्य रणनीति २०८१-८७ तयार गरिएको छ ।

रणनीतिले संविधान प्रदत्त स्वास्थ्य सेवा पाउने नागरिकको मौलिकहककहरु सुनिश्चित गर्न गुणस्तरीय मुख स्वास्थ्य कार्यान्वयन गर्न गराउन संघीय प्रणाली अनुसार संघ, प्रदेश,र स्थानीय तहलाई दिशानिर्देश प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

रणनीति तर्जुमाको क्रममा प्राविधिक कार्यदल गठन भई सो कार्यदलमा बिभिन्न महाशाखाका प्रतिनिधि र विषयगत निकायका प्रतिनिधि संलग्न गराई बिभिन्न चरणमा भएका परामर्श बैठक र बिषय विज्ञहरु, सरोकारवासँग कार्यशाला गोष्ठी गरी प्राप्त सुझाव सल्लाहलाई समावेश गरेर रणनीति तयार पारिएको छ । तर्जुमाको क्रममा सहयोग पुर्याउनु हुने प्राविधिक कार्यदल, विषयगत निकायका पदाधिकारीहरु, मन्त्रालय एवं स्वास्थ्य सेवा विभाग अन्तर्गतका कर्मचारीहरु, WHO-Nepal लगायत सबै सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा,यस रणनीतिको पूर्ण कार्यान्वयनमा सबै सम्बन्धित निकाय एवं सरोकारवालाहरुको सहयोगको अपेक्षा गरेको छु र सफल कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.........................................

डा. विकास देवकोटा

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
उपचारात्मक सेवा महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२६८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ९६४
चलानी नम्बरः-



## शुभकामना सन्देश

"स्वस्थ मुख स्वस्थ शरीर"भन्ने दीर्घकालिन सोच सहित स्वास्थ्य सेवा विभाग उपचारात्मक सेवा महाशाखाले राष्ट्रिय मुख स्वास्थ्य रणनीति (२०८१-०८७) तयार गरेकोमा मलाई खुशी लागेको छ। यस रणनीतिले संविधान प्रदत्त स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकहरु सुनिश्चित गर्न, गुणस्तरीय मुख स्वास्थ्य कार्यान्वयन गर्न गराउन संघीय प्रणाली अनुसार संघ, प्रदेश, र स्थानीय तहलाई दिशानिर्देश प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु। मुख स्वास्थ्य सेवाको विकास र विस्तार गरी जनताको मुख स्वास्थ्यको सुरक्षा, रोगको रोकथाम र उपचार समेतको लागि स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचको मान्यता अनुरुप दिगो विकासका लक्ष्य प्राप्तिमा निम्ति यस रणनीतिले सहयोग गर्ने छ भन्ने अपेक्षा लिएको छु।

मुख स्वास्थ्य सेवामा सरकारी लगानी वृद्धि गर्दै सेवाग्राही मैत्री गुणस्तरीय सेवा सुनिश्चित गर्नु र देश भरी सञ्चालित सेवाको प्रभावकारी नियमन गर्नु, सामाजिक आर्थिक रुपले कमजोर रहेका जनसमुदायमा हालको उपलब्ध श्रोत साधनबाट आधारभूत मुख स्वास्थ्य सेवा पुर्याउनु, मुख स्वास्थ्य सेवालाई समतामुलक र उर्पयुक्त स्रोत साधन सहित सेवालाई व्यवस्थित गर्नु ठुलो चुनौती रहेको छ। साथै बढ्दै गएको दाँत तथा मुख स्वास्थ्य सम्बन्धी शिक्षण संस्थाहरुको गुणस्तर सुनिश्चित गर्नु, मुख स्वास्थ्य सेवाको सुधारका लागि अनुगमन प्रणाली सुदृढ गर्नु पनि चुनौती रहेको छ।

जनस्वास्थ्य नियमावली २०७७ को अनुसूची १ मा मुख स्वास्थ्य आधारभूत सेवामा समावेश भै आईसकेको परिस्थितिमा संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय र सहकार्यबाट मुख स्वास्थ्य सञ्जाललाई स्थानीय तहसम्म विस्तार गर्न सकिने अवस्था छ। साथै स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत मुख स्वास्थ्य सेवाको विकास र विस्तार गर्न सकिन्छ। मुख स्वास्थ्य रणनीतिको कार्यान्वयन सँगै मुख स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरु अवसरमा रुपान्तरीत हुनेछन् भन्ने विश्वास लिएको छु।

यो रणनीति निर्माण गर्न सघाउ पुर्याउनु हुने प्राविधिक कार्य समितिका सदस्यहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभाग अन्तर्गतका महाशाखा तथा केन्द्रमा कार्यरत पदाधिकारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै, विषयविज्ञ सहित वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गरेर यो रणनीति निर्माणमा विशेष भूमिका निर्वाह गर्नु हुने WHO-Nepal प्रति आभार व्यक्त गर्दछु। यसै गरी विषय विज्ञको रुपमा काम गर्नु भएका प्रा.डा.सुरेन्द्र मान श्रेष्ठ प्रति कृतज्ञता व्यक्त गर्दछु ।

अन्तमा, यो रणनीतिको सफल कार्यान्वयनका लागि सरोकारवालाहरुमा हर्दिक अपिल गर्दै शुभकामना व्यक्त गर्दछु।

डा.सुधा देवकोटा
निर्देशक

निर्देशक
उपचारात्मक सेवा महाशाखा

# विषयसूची


१. पृष्ठभूमि १

२. समस्या, चुनौती र अवसर २

३. रणनीतिको औचित्यता २

३. दीर्घकालीन सोच २

४. ध्येय ३

५. लक्ष्य ३

६. परिलक्ष्य ३

७. उद्देश्य ३

८. उद्देश्य, रणनीति तथा रणनीतिक कार्यहरूः ४

८.१ मुख स्वास्थ्य क्षेत्रको सुशासन, नेतृत्व तथा श्रोतहरूको परिचालन गर्नु ४

८.२ मुख स्वास्थ्यको प्रवर्धन, रोकथाम र जोखिम न्यूनीकरण गर्नु ५

८.३ मुख स्वास्थ्यको सर्वव्यापी पहुँचको लागि सम्बन्धित जनशक्ति व्यस्थापन तथा परिचालन गर्नु ६

८.४. मुख स्वास्थ्यको सर्वव्यापी पहुँचका लागि मुख स्वास्थ्य सम्बन्धी आवश्यक सेवाहरूको व्यवस्था गर्ने ७

८.५ मुख स्वास्थ्य सेवा सम्बन्धी निगरानी, अनुगमन तथा मुल्यांङ्कन गर्नु ८

८.६. मुख स्वास्थ्य सेवा सम्बन्धी अनुसन्धान नविनतम प्रविधिहरू तथा उदीयमान चुनौतिहरूको व्यवस्थापन गर्ने ९

९. वित्तिय स्रोत १०

१०. अनुगमन तथा मूल्याङ्कन १०

११. जोखिम व्यवस्थापन १०

१२. विविध १०

१३. नीति सन्दर्भ ११

# अनुसूचीहरु


| | | |
|---|---|---|
| **अनुसुची १:** | मुख स्वास्थ्य क्षेत्रको सुशासन , नेतृत्व तथा श्रोतहरूको परिचालन गर्नु | १४ |
| **अनुसुची २:** | मुख स्वास्थ्यको प्रबर्द्धन, रोकथाम र जोखिम न्यूनीकरण गर्नु | १६ |
| **अनुसुची ३:** | मुख स्वास्थ्यको सर्वव्यापी पहुँचको लागि सम्बन्धित जनशक्ति व्यस्थापन तथा परिचालन गर्नु | १९ |
| **अनुसुची ४:** | मुख स्वास्थ्यको सर्वव्यापी पहुँचका लागि मुख स्वास्थ्य सम्बन्धी आवश्यक सेवाहरूको व्यवस्था गर्ने | २१ |
| **अनुसुची ५:** | मुख स्वास्थ्य सेवा सम्बन्धी निगरानी, अनुगमन तथा मुल्यांङ्कन गर्नु | २३ |
| **अनुसुची ६:** | मुख स्वास्थ्य सेवा सम्बन्धी अनुसन्धान नविनतम प्रविधिहरू तथा उदीयमान चुनौतिहरूको व्यवस्थापन गर्नु | २५ |

# राष्ट्रिय मुख स्वास्थ्य रणनीति (२०८१-२०८७)

## १ पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गर्दै आधारभूत स्वास्थ्य सेवा राज्यबाट प्रत्येक नागरिकलाई निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ। जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची १ मा मुख सम्वन्धी संक्रमणलाई आधारभूत स्वास्थ्य सेवामा समावेश गरेको छ साथै अनुसूची ३,४ मा क्रमशः मुख स्वास्थ्य विशेषज्ञ र विशिष्टिकृत सेवाको रुपमा समावेश गरेको छ।

मुख स्वास्थ्यलाई विश्व स्वास्थ्य संगठनले दाँत एवम् मुखको दुखाई, मुख तथा ओठको क्यान्सर, दाँत तथा मुखको संक्रमण, जन्मजात तालु तथा ओठ चिरेको, गिजा सम्बन्धी रोग, दाँत किराले खाने तथा दाँत मुखको चोट र अन्य मुख सम्बन्धी रोगहरूबाट मुक्त हुने अवस्थाको रुपमा व्याख्या गरेको छ। रोग लागे पछि उपचार गर्नु भन्दा रोग लाग्नै नदिने, जनचेतना अभिवृद्धि गर्ने र रोग लागी हालेमा समयमै पहिचान तथा उपचार गरी मुख स्वास्थ्य प्रवर्द्धनात्मक कार्यको सञ्चालनका साथै प्रणालीगत सुधार गर्न अपरिहार्य छ।

मुख सम्बन्धी रोगको उपचारमा सुधार भएता पनि दाँत किराले खाने रोग, गिजा सम्बन्धी रोग, मुख र ओठको अर्वुद्ध रोग (क्यान्सर) विकसित र अल्पविकसित देशहरूमा जनस्वास्थ्य समस्याको रुपमा रहेको छ। विश्व स्वास्थ्य संगठनको अध्ययन (सन् २०१९) अनुसार नेपालमा १ देखि ९ बर्ष उमेर समूहका करिब ५१.२ प्रतिशत बालबालिकाहरू दाँत किराले खाने रोग (Dental Caries) र १५ बर्ष भन्दा माथिको उमेर समूहका करिब १४.८ प्रतिशत जटिल प्रकृतिका गिजा रोगबाट प्रभावित रहेको देखिएको छ। प्रति एक लाख जनसंख्यामा लगभग ३.४ व्यक्तिहरू ओठ र मुखको क्यान्सरबाट प्रभावित छन्। मुख स्वास्थ्य सम्बन्धी उच्च तथा मध्यम स्तरको उपचार सेवाको विस्तारमा उल्लेखनीय प्रगति हुँदै गईरहेको छ। तसर्थ स्वास्थ्यमा सर्वव्यापी पहुँचलाई कार्यान्वयन गर्नका लागि मुख स्वास्थ्य क्षेत्रमा व्यापक सुधारको खाँचो देखिन्छ।

राष्ट्रिय मुख स्वास्थ्य नीति २०७० मा मुख स्वास्थ्य क्षेत्रको प्रवर्धन, जवाफदेही र उत्तरदायी मुख स्वास्थ्य सेवा प्रणाली मार्फत बिना वित्तिय कठिनाई गुणस्तरीय मुख स्वास्थ्य सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ। मुख सम्बन्धी रोगहरूले गर्दा सामान्य जनस्वास्थ्य र मानव जीवनमा नकारात्मक प्रभाव पार्दछ। नेपालको संविधानमा व्याख्या भए अनुसार नेपाल सरकारले आफ्नो नागरिकहरूको मुख स्वास्थ्यको स्थिति सुधार गर्ने प्रतिबद्धता जनाएको छ।

## २. समस्या, चुनौती र अवसर

अधिकांश दुर्गम स्थानीय तहहरूमा मुख स्वास्थ्य सेवाको पहुँच पर्याप्त नहुनु, आवश्यकता अनुसार उपलब्ध मुख स्वास्थ्य जनशक्तिको समतामुलक वितरण हुन नसक्नु, अनुसन्धानबाट प्राप्त तथ्य अनुसार नीति योजना निर्माण तथा कार्यान्वयन नहुनु, आधुनिकीकरण संगै नेपालीहरूको आहारमा आएको परिवर्तनले गर्दा मुख स्वास्थ्य सम्बन्धी समस्याहरू बढेका छन् ।

मुख स्वास्थ्य सेवामा सरकारी लगानी वृद्धि गर्दै सेवाग्राही मैत्री गुणस्तरीय सेवा सुनिश्चित गर्नु र देश भरी सञ्चालित सेवाहरूको प्रभावकारी नियमन गर्नु, सामाजिक आर्थिक रुपले कमजोर रहेका जनसमुदायमा हालको उपलब्ध श्रोत साधनबाट आधारभूत मुख स्वास्थ्य सेवा पुर्याउनु, मुख स्वास्थ्य सेवालाई समतामुलक र उपयुक्त स्रोत साधन सहित सेवालाई व्यवस्थित गर्नु ठूलो चुनौती रहेको छ । साथै बढ्दै गएको दाँत तथा मुख स्वास्थ्य सम्बन्धी शिक्षण संस्थाहरूको गुणस्तर सुनिश्चित गर्नु, मुख स्वास्थ्य सेवाको सुधारका लागि अनुगमन प्रणाली सुदृढ गर्नु पनि चुनौती रहेको छ ।

जनस्वास्थ्य नियमावली २०७७ को अनुसूची १ मा आधारभूत मुख स्वास्थ्य सेवामा समावेश भै आईसकेको परिस्थितिमा संघ, प्रदेश र स्थानीय तह बिचको सम्मन्वय र सहकार्यबाट मुख स्वास्थ्य सञ्जाललाई स्थानीय तहसम्म विस्तार गर्न सकिने अवस्था छ । प्रायः नेपालीहरूका लागि मुख स्वास्थ्य सम्बन्धी रोगहरूको समयमा उपचार नहुँदा महंगो भएको र सिमान्तकृत तथा कम आय हुने जनसंख्याको लागि सामाजिक सुरक्षा कार्यक्रम र स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत मुख स्वास्थ्य सेवाको विकास र विस्तार गर्न सकिन्छ ।

## ३. रणनीतिको औचित्यता

मुख स्वास्थ्यमा सर्वव्यापी पहुँच हासिल गर्नका लागि समष्टिगत आधारभूत मुख स्वास्थ्य सेवाको अवधारणामा आधारित रहेर यस रणनीतिले मुख स्वास्थ्य प्रणाली र सेवासंग सम्बन्धित विषयहरूलाई समेटेर समय सापेक्ष सम्बोधन गर्न आवश्यक छ । बढ्दै गएको मुखको संक्रमण तथा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने संविधानको निर्देशन रहेको परिस्थितिमा मुख स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभरुपमा व्यवस्थित गर्न मुख स्वास्थ्य नीति २०७० अनुमोदन भएकोले सो नीतिलाई कार्यन्वयन गर्न मुख स्वास्थ्य रणनीति २०८१-८७ तयार गरिएको हो । "कसैलाई पनि पछाडी नछोडौं" भन्ने दिगो विकास लक्ष्यको मूल मन्त्रलाई अवलम्वन गर्दै "स्वास्थ्यमा सर्वव्यापी पहुँच" हासिल गर्न यस रणनीतिले योगदान पुर्‍याउने छ ।

## ३. दीर्घकालीन सोच

"स्वस्थ मुख स्वस्थ शरीर"

## ४. ध्येय

प्रत्येक नागरिकलाई मुख स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, रोगको नियन्त्रण र गुणस्तरीय उपचारद्वारा स्वस्थ जीवन यापनमा सुधार ल्याउने ।

## ५. लक्ष्य

मुख स्वास्थ्यको प्रवर्द्धन र मुख स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, रोगहरूको रोकथाम, नियन्त्रण, उपचारको विकास र पूर्नस्थापना गर्दै प्रत्येक नागरिकमा गुणस्तरीय मुख स्वास्थ्य सेवाको समतामुलक र सर्वसुलभ पहुँच सुनिश्चित गर्ने ।

## ६. परिलक्ष्य

क) १ देखि ९ बर्ष उमेर समूहका बालबालिकाहरूको दाँत किराले खाने समस्यालाई २५ प्रतिशतले सापेक्षित कमी गर्ने ।

ख) १५ बर्ष उमेर समूह माथिका नागरिकहरूको गिजामा रोग लाग्ने दरमा २० प्रतिशतले सापेक्षित कमी गर्ने ।

ग) ओठ तथा मुख क्यान्सर रोग लाग्ने दरमा ३५ प्रतिशतले कमि गर्ने ।

## ७. उद्देश्य

१. मुख स्वास्थ्य क्षेत्रको सुशासन, नेतृत्व तथा स्रोतहरूको परिचालन गर्ने

२. मुख स्वास्थ्यको प्रवर्धन, रोकथाम तथा जोखिम न्यूनीकरण गर्ने

३. मुख स्वास्थ्यको सर्वव्यापी पहुँचको लागि सम्बन्धित जनशक्ति व्यवस्थापन तथा परिचालन गर्ने

४. मुख स्वास्थ्यको सर्वव्यापी पहुँचका लागि मुख स्वास्थ्य सम्बन्धी आवश्यक सेवाहरूको व्यवस्था गर्ने

५. मुख स्वास्थ्य सेवाको निगरानी, अनुगमन तथा मूल्याङ्कन गर्ने

## ८. उद्देश्य, रणनीति तथा रणनीतिक कार्यहरू:

### ८.१ मुख स्वास्थ्य क्षेत्रको सुशासन, नेतृत्व तथा श्रोतहरूको परिचालन गर्नु

| रणनीति | रणनीतिक कार्य |
|---|---|
| **८.१.१ मुख स्वास्थ्य नियमन तथा व्यवस्थापनको लागि स्वास्थ्य सेवा विभाग अन्तर्गत छुट्टै मुख स्वास्थ्य शाखाको स्थापना गर्ने ।** | क) जनसङ्ख्या आवश्यक नीति, प्राविधिक, निगरानी, व्यवस्थापन र समन्वय प्रदान गर्न संघ, प्रदेशमा शाखा र स्थानीय तहमा मुख स्वास्थ्य इकाईको स्थापना गरिनेछ ।<br>ख) मुख स्वास्थ्य नियमन तथा व्यवस्थापनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले व्यवस्था गर्नेछ ।<br>ग) मुख स्वास्थ्य सेवाका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरिनेछ । |
| **८.१.२ राष्ट्रिय मुख स्वास्थ्य नीतिको विकास, अद्यावधिक गर्दै कार्यान्वयन गर्ने ।** | क) राष्ट्रिय मुख स्वास्थ्य नीतिको विकास र विद्यमान नीतिको अद्यावधिक र समीक्षा गरिनेछ ।<br>ख) मुख स्वास्थ्य नीतिलाई कार्यान्वयन गर्नका लागि योजनाहरू बनाईनेछ ।<br>ग) मुख स्वास्थ्य नीति कार्यान्वयनका लागि वार्षिक बजेट सुनिश्चित गरिनेछ ।<br>घ) राष्ट्रिय मुख स्वास्थ्य रणनीति सम्बन्धमा तिनै तहमा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।<br>ङ) निजी, सरकारी तथा समुदायमा आधारित मुख स्वास्थ्य सेवा प्रवर्धन कार्यक्रम संचालन गरिनेछ ।<br>च) संघ, प्रदेश, स्थानीय मातहतका स्वास्थ्य संस्थाहरूलाई सामाजिक उत्तरदायित्व र जिम्मेवारीको सुनिश्चितता गरिनेछ । |
| **८.१.३ दक्ष मुख स्वास्थ्य जनशक्तिको परिचालन तथा प्रक्षेपण गर्ने ।** | क) आवश्यकताको आधारमा मुख स्वास्थ्य क्षेत्रका लागि दक्ष स्वास्थ्य जनशक्तिको प्रक्षेपण गरी सम्वन्धित निकायसँग सहकार्य र समन्वय गरिनेछ ।<br>ख) मुख स्वास्थ्य जनशक्तिको उत्पादनसँग सम्बन्धित पाठ्यक्रमको आवधिक परिमार्जनका लागि चिकित्सा शिक्षा आयोग, सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँग सहकार्य र समन्वय गरिनेछ ।<br>ग) आवश्यक विधाका मुख स्वास्थ्यकर्मीको पहिचान गरी सोहि अनुसार जनशक्ति उत्पादन गर्न शैक्षिक संस्था र सम्बन्धित परिषद्संग सहकार्य र समन्वय गरिनेछ ।<br>घ) मुख स्वास्थ्य जनशक्ति अभिलेख अद्यावधिक गरी प्रचलित मापदण्ड अनुसार जनशक्ति व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ । |
| **८.१.४ मुख स्वास्थ्य सेवालाई सुदृढ गर्नका लागि नियमित समय सापेक्ष बजेट व्यवस्थापनको सुनिश्चितता गर्ने** | क) मुख स्वास्थ्य सेवा व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीय तहमा नियमित वार्षिक बजेटको व्यवस्था गरिनेछ ।<br>ख) मुख स्वास्थ्य प्रवर्धनको लागि चिनीयुक्त पेय पदार्थ (sugar-sweetened beverages) मा कर लगाई मुख स्वास्थ्य कार्यक्रममा उपयोग गरिनेछ र यसको प्रयोग निरुत्साहित हुने प्रकारका जनचेतनामुलक कार्यक्रमहरूमा गरिनेछ ।<br>ग) सुर्तीजन्य पदार्थमा लगाईएको स्वास्थ्य करबाट ओठ र मुख क्यान्सरको रोकथाम, नियन्त्रण र उपचार गर्न बजेट सुनिश्चत गरिनेछ । |

## ८.२ मुख स्वास्थ्यको प्रवर्धन, रोकथाम र जोखिम न्यूनीकरण गर्नु

| रणनीति | रणनीतिक कार्य |
|---|---|
| **८.२.१ मुख सम्बन्धी रोगको रोकथाम, जोखिम न्यूनीकरण, मुख स्वास्थ्य प्रवर्धन सम्बन्धी राष्ट्रव्यापी सार्वजनिक कार्यक्रमको विकास गरी कार्यान्वयन गर्ने** | क) जोखिम तत्वको विश्लेषण गर्दै तथ्यमा आधारित योजना र व्यवस्थापन सहितको एकीकृत मुख स्वास्थ्य कार्यक्रमहरू तयार गरिनेछ ।<br>ख) दाँतमा हुने क्षय रोक्न फ्लोराइडको उचित प्रयोगलाई सहज बनाउन आवश्यक अनुसन्धान सहित नीति र नियम बनाई लागु गरिनेछ ।<br>ग) सुर्तिजन्य पदार्थ, मदिरा एवम् जनस्वास्थ्यका दृष्टिकोणले हानिकारक वस्तु प्रयोग भएका तयारी पेय तथा खाद्य पदार्थमा स्वास्थ्य कर लगाई उपभोगलाई निरुत्साहित गरिनेछ ।<br>घ) ओठ तथा मुख क्यान्सरको उच्च जोखिम पदार्थ जस्तै सुर्तिजन्य पदार्थ, सुपारी र विद्युतीय चुरोट (E-cigarette), भ्यापिङ तथा अन्य उपयोगलाई निरुत्साहित गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरू ल्याईनुको साथै राष्ट्रिय क्यान्सर रोकथाम रणनीति २०२४-२०३० वमोजिम गरिनेछ ।<br>ङ) अत्याधिक चिनी भएको तथा अस्वस्थकर खानालाई निरुत्साहित गर्दै नीति नियमहरू कार्यान्वयन गरिनेछ ।<br>च) सुर्तीजन्य पदार्थको सेवनलाई नियन्त्रण तथा निरुन्साहित गर्न सचेतनामुलक र नियमनकारी प्रावधानको कार्यान्वयन गरिनेछ । |
| **८.२.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रममा मुख स्वास्थ्य कार्यक्रम समावेश गराउने** | क) मुख स्वास्थ्यको हेरचाह, मुख सम्बन्धी रोगको रोकथाम, उपचार र पूर्नस्थापनालाई नियमित स्वास्थ्य परीक्षण कार्यक्रममा एकीकृत गरिनेछ ।<br>ख) समुदाय र विद्यालय स्तरमा मुख स्वास्थ्य प्रवर्धन सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ । जस्तैः सर्वसुलभ फ्लोराइडयुक्त मञ्जन तथा व्रसको प्रयोग, pit & fissure sealant, ART कार्यक्रमको व्यवस्थापन तथा प्रवर्धन गरिनेछ ।<br>ग) जेष्ठ नागरिकको मुख स्वास्थ्यको हेरचारको लागि जेष्ठ नागरिक मुख स्वास्थ्य कार्यक्रम साथै अन्य स्वास्थ्य कार्यक्रमहरूमा एकीकृत गरिनेछ ।<br>घ) ओठ तथा मुख क्यान्सरको जोखिम जनसंख्या स्क्रिनिङ्ग, निदान, उपचार र प्रेषण (Referral) को व्यवस्था गरिनुको साथै क्यान्सर रजिष्ट्रिमा छुट्टै दाँत तथा मुख क्यान्सरको पंजिकरणको व्यवस्था गरिनेछ ।<br>ङ) सरकारी क्यान्सर अस्पतालमा दाँत तथा मुख विधाको सम्बन्धित विज्ञहरूद्वारा उपचार तथा पूनर्स्थापना सेवा प्रदान गरिनेछ ।<br>च) गर्भवती महिला, बालबालिका तथा जेष्ठ नागरिक लक्षित मुख स्वास्थ्य कार्यक्रमहरूको विकास र विस्तार गरिनेछ । |
| **८.२.३.विद्यालय, कार्यस्थल र समुदायहरूमा मुख स्वास्थ्य प्रवर्धन गर्ने वातावरणलाई सुदृढ तथा विस्तार गर्ने** | क) समुदाय स्तरमा मुख स्वास्थ्यमा आधारित कार्यक्रमहरूको प्रवर्धन गरिनेछ ।<br>ख) विद्यालय स्वास्थ्य शिक्षाको सहकार्यमा दाँत माझ्ने, फ्लोराइडको उचित प्रयोग, मुख स्वास्थ्यको हेरचाह सम्बन्धी कार्यक्रमको शूरुवात एवम् निरन्तरता दिइनेछ ।<br>ग) विद्यालयमा दैनिक दिवा खाजा पछि फ्लोराइड युक्त दन्तमन्जन र ब्रसले दैनिक दाँत माझ्ने व्यवहारको विकासका लागि सहभागिता मुलक कार्यक्रमहरू देशभर विस्तार गरिनेछ ।<br>घ) विद्यालय, कार्यस्थलमा सुर्तिजन्य पदार्थ, चुरोट, मदिरा सेवनको प्रतिवन्धलाई सशक्त बनाउदै त्यसको प्रयोगलाई निरुत्साहित गरिनेछ ।<br>ङ) शिक्षा क्षेत्रको सहकार्यमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रममा मुख स्वास्थ्यलाई एकिकृत गरिनेछ ।<br>च) स्वास्थ्य संस्था, विद्यालय, कार्यस्थल र अन्य सार्वजनिक स्थलहरूमा मुख स्वास्थ्य प्रवर्धनका क्रियाकलापहरूलाई सञ्चार माध्यमबाट प्रचार प्रसार गरिनेछ ।<br>छ) मुख स्वास्थ्य सम्बन्धी प्रवर्धनात्मक सामाग्री विद्यालय पाठचक्रममा समावेश गरी समय सापेक्ष परिमार्जन गरिनेछ । |

## ८.३ मुख स्वास्थ्यको सर्वव्यापी पहुँचको लागि सम्बन्धित जनशक्ति व्यस्थापन तथा परिचालन गर्नु

| रणनीति | रणनीतिक कार्य |
|---|---|
| **८.३.१ मुख स्वास्थ्यकर्मीलाई राष्ट्रिय स्वास्थ्य कार्यबलमा सशक्त बनाई परिचालन गर्ने** | क) रोगको भार, नागरिकको आवश्यकता र उपलब्ध स्रोतको आधारमा मुख स्वास्थ्य कार्यबलको स्थापना गरिनेछ।<br>ख) आवश्यकता अनुसार कन्सल्टेन्ट डेण्टल सर्जन, कन्सल्टेन्ट डेन्टल स्पेसलिस्ट, दन्त चिकित्सक, डेण्टल हाईजिनिष्ट र अन्य दन्त स्वास्थ्यकर्मीको पद दरबन्दी अनुसार सृजना र वृद्धि गरिनेछ।<br>ग) मुख स्वास्थ्य सम्बन्धी जनशक्ति समान उपलब्धता र सेवा विस्तार सुनिश्चित गर्न दन्त स्वास्थ्य शिक्षण संस्थाहरू र व्यवसायिक संस्थाहरूको समन्वयलाई सुदृढ गरिनेछ।<br>घ) मुख स्वास्थ्य सेवा र कार्यबलको समानुपातिक वितरण भएको सुनिश्चितता गरिनेछ।<br>ङ) आधारभूत अस्पतालमा दन्त चिकित्सक सहित दन्त स्वास्थ्यकर्मीको उपलब्धता सुनिश्चित गरिनेछ।<br>च) संघिय अस्पतालमा Chief Consultant Dental Surgeon, Senior / Consultant Dental Surgeon, Consultant Dental Specialist, Dental Surgeon, Dental Hygienist र अन्य दन्त स्वास्थ्यकर्मीको उपलब्धता सुनिश्चित गरिनेछ।<br>छ) प्रदेश अस्पतालमा Senior/Consultant Dental Surgeon, Consultant Dental Specialist, Dental Surgeon, Dental Hygienist र अन्य दन्त स्वास्थ्यकर्मीको उपलब्धता सुनिश्चित गरिनेछ।<br>ज) सेवा प्रदायकले तोकिएका कार्यस्थलमा निरन्तर सेवा प्रदान गर्ने वातावरण सृजना गर्न तीनै तहमा समन्वय गरिनेछ।<br>झ) मुख स्वास्थ्य सम्बन्धी तालिमका पाठ्यक्रम विकास, अध्यावधिक गरी तालिम संचालन गरिनेछ<br>ञ) स्वास्थ्यकर्मीहरूलाई मुख स्वास्थ्यका विविध पक्ष बारे परिचयात्मक अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| **८.३.२ दन्त स्वास्थ्यकर्मीहरूलाई परिभाषित गरी प्रभावकारी मोडेल डिजाइन गर्दै अभ्यासको दायरा विकास गर्ने** | क) दन्त चिकित्सक (Chief / Senior / Consultant Dental Surgeon, Consultant Dental Specilalist / Dental Surgeon), Dental Hygienist तथा अन्य दन्त स्वास्थ्यकर्मी, मुख स्वास्थ्य प्रदायक, समुदायमा आधारित स्वास्थ्यकर्मीहरूको सिप मिश्रण गरी प्रभावकारी कार्यबलको मोडेल डिजाइन गरिनेछ।<br>ख) मुख स्वास्थ्यकर्मीहरूको कार्य परिभाषित गरी मुख स्वास्थ्य कार्यक्रममा परिचालन गरिनेछ। |
| **८.३.३ सार्वजनिक र निजी स्वास्थ्य प्रदायक संस्थाहरूलाई एकीकृत गरी प्रभावकारी आधारभूत मुख स्वास्थ्य सेवाका कार्यक्रमहरूको स्थापना गर्ने।** | क) निजी दन्त शिक्षण संस्था, स्वास्थ्य प्रतिष्ठान र अन्यसँग सहकार्य गरी स्थानीय तह, आधारभूत स्वास्थ्य केन्द्रसम्म दन्त स्वास्थ्यकर्मीहरूको उपलब्धता सुनिश्चित गरिनेछ। |

## ८.४.मुख स्वास्थ्यको सर्वव्यापी पहुँचका लागि मुख स्वास्थ्य सम्बन्धी आवश्यक सेवाहरूको व्यवस्था गर्ने

| रणनीति | रणनीतिक कार्य |
|---|---|
| **८.४.१ मुख स्वास्थ्य सम्वन्धी आवश्यक सेवालाई आधारभूत स्वास्थ्य सेवामा एकिकृत गर्ने** | क) एकिकृत मुख स्वास्थ्य कार्यक्रमहरू र यसलाई आवश्यक पर्ने श्रोत साधनको व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तहसम्म गुणस्तरीय तथा समतामुलक मुख स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गरिनेछ।<br>ख) आधारभूत स्वास्थ्य सेवा केन्द्रमा मुख स्वास्थ्य सेवाको उपलब्धताको सुनिश्चितता कायम गर्दै Out Reach Clinic, घुम्ती क्लिनिक आदि मार्फत पहुँच बाहिरका नागरिक सम्म मुख स्वास्थ्य सेवा पुऱ्याईनेछ।<br>ग) प्रतिजैविक प्रतिरोधि (Antimicrobial resistance) न्यूनिकरण हुने गरी मुख स्वास्थ्य उपचार सम्बन्धी निर्देशिका तथा प्रोटोकल अद्यावधिक गरिनेछ।<br>घ) मुख स्वास्थ्य सेवाको दायरा वृद्धि गर्न सार्वजनिक र निजी साझेदारीलाई विस्तार गरिनेछ।<br>ङ) सार्वजनिक निजी साझेदारी नीति अनुरुप दन्त शिक्षण संस्थाहरूलाई संघ, प्रदेश र स्थानीय तहलाई जिम्मेवारी तोकी समुदाय स्तरमा कार्य गर्न अभिप्रेरित गरिनेछ।<br>च) सेवाको पहुँच नपुगेका वर्ग तथा क्षेत्र लक्षित गरी विभिन्न तहका अस्पतालबाट मुख स्वास्थ्य सेवा प्रवाह सम्बन्धी आवधिक शिविरको व्यवस्थापन गरिनेछ ।<br>छ) ज्येष्ठ नागरिक, विपन्न, लैङ्गिक हिंसा पिडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत लगायतका लक्षित वर्गको विशेष स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्ने गरी मुख स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू कार्यन्वयन गरिनेछ।<br>ज) संघमा सुविधा सम्पन्न विशेषज्ञ मुख स्वास्थ्य सेवा प्रदान गर्ने प्रेषण (Referral) दन्त अस्पतालको स्थापना गरिनेछ। |
| **८.४.२ तथ्यमा आधारित प्रभावकारी मुख स्वास्थ्य उपचारको प्याकेज परिभाषित गर्ने** | क) आधारभूत स्वास्थ्य सेवालाई कार्यान्वयन गर्दै अत्यावश्यक मुख स्वास्थ्य सेवालाई परिभाषित गरी प्राथमिकतामा राखिनेछ।<br>ख) स्वास्थ्य बीमा कार्यक्रममा मुख स्वास्थ्य सम्बन्धी आवश्यक सेवाहरूको विस्तार गरिनेछ।<br>ग) आपतकालीन मुख स्वास्थ्य समस्यालाई परिभाषित गरी स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा आपतकालीन मुख स्वास्थ्य समस्याहरूको उपचार र प्रेषण (Referral) को व्यवस्था गरिनेछ। |
| **८.४.३ मुख स्वास्थ्य सम्बन्धी औषधीहरूको पहुँच/ उपलब्धता सुनिश्चित गर्ने** | क) मुख स्वास्थ्य सम्बन्धी आवश्यक औषधीहरूको सूची तयार गरी अत्यावश्यक औषधी आधारभूत सूचीमा समावेश भएको सुनिश्चित र समय सापेक्ष सूची अद्यावधिक गरिनेछ।<br>ख) उपयुक्त मापदण्ड पर्यवेक्षण र नियमन मार्फत मुख स्वास्थ्य सम्बन्धी औषधी र औषधीजन्य पदार्थको गुणस्तर सुनिश्चित गरिनेछ (जस्तैः फ्लोराईडयुक्त दन्तमञ्जन)। |

## ८.५ मुख स्वास्थ्य सेवा सम्बन्धी निगरानी, अनुगमन तथा मुल्यांङ्कन गर्नु

| रणनीति | रणनीतिक कार्य |
|---|---|
| **८.५.१ मुख स्वास्थ्य सेवा सम्बन्धी तथ्याङ्कलाई एकीकृत र सुदृढ गर्ने** | क) सार्वजनिक र निजी स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको सूचना समेट्ने गरी मुख स्वास्थ्य सम्बन्धी तथ्याङ्कलाई एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (IHMIS) मा एकीकृत र विस्तार गरिनेछ ।<br>ख) डिजिटल प्रविधिमा आधारित सूचना प्रणालीहरू मार्फत तथ्याङ्क संकलन, विश्लेषण, अभिलेखिकरण र प्रयोगमा सबै तहमा क्षमता बढाइनेछ ।<br>ग) मुख स्वास्थ्य सम्बन्धी सेवाहरूको तथ्याङ्कमा आधारित वार्षिक समीक्षा र समीक्षाबाट प्राप्त हुने तथ्याङ्कको अधिकतम प्रयोग गरिनेछ ।<br>घ) राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र (NHEICC) मार्फत मुख रोग सम्बन्धी रोकथाम र मुख स्वास्थ्य सम्बन्धी जनचेतना मूलक कार्यक्रम समुदाय स्तरसम्म प्रचार प्रसार गरिनेछ । |
| **८.५.२. मुख स्वास्थ्य सेवा सम्बन्धी सामाग्रीको उत्पादन, निगरानी, अनुगमन र गुणस्तरको सुनिश्चित गर्ने** | क) मुख स्वास्थ्य सम्बन्धी अत्यावश्यक औषधी र स्वास्थ्यजन्य सामग्रीको स्वदेशमै उत्पादन, प्रवर्धन र विस्तार गर्न प्रोत्साहन गरिनेछ ।<br>ख) मुख स्वास्थ्यमा प्रयोग हुने औषधी तथा स्वास्थ्यजन्य सामग्रीको उत्पादन सम्बन्धी अनुसन्धान र विकासलाई प्राथमिकता दिईनेछ ।<br>ग) मुख स्वास्थ्य सम्बन्धी औषधी तथा औषधी जन्य सामग्री उत्पादनमा नियमित अनुगमन र गुणस्तरको सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ । |

## ८.६. मुख स्वास्थ्य सेवा सम्बन्धी अनुसन्धान नविनतम प्रविधिहरू तथा उदीयमान चुनौतिहरूको व्यवस्थापन गर्ने

| रणनीति | रणनीतिक कार्य |
|---|---|
| **८.६.१.मुख स्वास्थ्य अनुसन्धानलाई सुदृढ गर्ने ।** | क) मुख स्वास्थ्य अनुसन्धानलाई प्राथमिकतामा राखी अनुसन्धान कार्यलाई प्रोत्साहन गरिनेछ ।<br>ख) मुख स्वास्थ्य अनुसन्धानलाई सशक्त बनाउन दन्त चिकित्सा सम्बन्धी स्नातक र स्नातकोत्तरको शिक्षा र तालिममा मुख स्वास्थ्य सम्बन्धी अनुसन्धान समावेश र अभिवृद्धि गरिनेछ ।<br>ग) मुख स्वास्थ्य सम्बन्धी रोगको राष्ट्रिय सर्वेक्षण हरेक ५ वर्षमा संचालन गरिनेछ ।<br>घ) मुख स्वास्थ्य सम्बन्धी सूचना आदान प्रदान तथा अनुसन्धान क्षमता अभिवृद्धि गर्न, राष्ट्रिय र अन्तराष्ट्रिय संघ सस्थाहरूसँग सहकार्य गरिनेछ ।<br>ङ ) जनगणनामा दाँत तथा मुख सम्बन्धी महत्वपूर्ण सूचकहरू समावेश गरिनेछ ।<br>च) स्वास्थ्य क्षेत्रका राष्ट्रिय सर्वेक्षण जस्तै Nepal Demographic Health Survey (NDHS), Nepal Health Facility Survey (NHFS) मा दाँत तथा मुख सम्बन्धी सूचकहरू समावेश गरिनेछ ।<br>छ) मुख स्वास्थ्य प्रवर्धनको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद संग समन्वय गरी अनुसन्धान गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ । |
| **८.६.२ मुख स्वास्थ्य सेवा केन्द्रित डिजिटल उपकरण तथा प्रणालीको विकास गर्ने** | क) राष्ट्रिय नीति, नियम र सेवाहरूमा दुर दन्त- चिकित्सा (Teledentistry) जस्ता डिजिटल आविष्कारहरूलाई समावेश गरिनेछ ।<br>ख) दुर दन्तचिकित्सा सेवालाई टेलिमेडिसिनमा एकिकृत गरि संचालनमा ल्याईनेछ ।<br>ग) प्रचलित कानुन अनुसार तथ्याङ्कको गोपनीयता र सुरक्षाको सुनिश्चितता गरिनेछ । |
| **८.६.३ मुख स्वास्थ्य क्षेत्रलाई सुदृढ बनाउन उदयमान तथा अन्तर सम्बन्धित विषयहरूलाई सम्बोधन गर्ने ।** | क) संक्रमण रोकथाम र नियन्त्रणका लागि विद्यमान तथा प्रचलित Infection Prevention and Control, (IPC) निर्देशिका कार्यान्वयन भएको सुनिश्चित गरिनेछ ।<br>ख) मुख स्वास्थ्य उपचारमा प्रयोग हुने शूक्ष्म प्रतिजैविक (Antimicrobial) औषधीको अनुचित प्रयोगबाट हुनसक्ने नकारात्मक असर बारे सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ग) भविष्यमा हुनसक्ने महामारीको समयमा मुख सेवा सुनिश्चित गर्न महामारीको पूर्वतयारी र प्रतिक्रिया (Response) को लागि मुख स्वास्थ्यका योजनाहरू तयार गरिनेछ ।<br>घ) महामारी वा अन्य आपतकालीन र प्रकोपमा मुख स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गरिनेछ । |

## ९. वित्तिय स्रोत

यो रणनीति कार्यान्वयका लागि संघ, प्रदेश र स्थानीय सरकारले क्रमश: लगानी वृद्धि गर्दै बहुक्षेत्रिय समन्वय, सहकार्य र साझेदारी संघ संस्था मार्फत वित्तिय स्रोतको सुनिश्चित गर्नेछन् ।

## १०. अनुगमन तथा मूल्याङ्कन

मुख स्वास्थ्य सेवा कार्यान्वयनको अवस्था, प्राप्त परिणाम तथा सेवाको गुणस्तर सूनिश्चततताको मापनका लागि चुस्त र प्रभावकारी संयन्त्र कार्यान्वयनमा ल्याईनेछ । राष्ट्रिय स्वास्थ्य नीति अनुकूल हुने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रभावकारी अनुगमन तथा मूल्यांङ्कन प्रणालीको विकास गर्नेछ ।

राष्ट्रिय मुख स्वास्थ्य रणनीति योजनाको कार्यान्वयनबाट हासिल हुने नतिजा र उपलब्धिको अनुगमन तथा मुल्याङ्कनका लागि मुख्य सूचकहरू समावेश गरिएको खाका तयार गरी उक्त नतिजा खाका बमोजिम मुख स्वास्थ्य क्षेत्रमा हुने कार्य प्रगति र कार्य सम्पादनको मध्यकालिन (Mid-Term) रुपमा अनुगमन, मूल्याङ्कन र समिक्षा गरिनेछ ।

## ११. जोखिम व्यवस्थापन

मुख स्वास्थ्य सेवामा समतामूलक पहुँचका साथै गुणस्तरीय सेवा प्रदान गर्न यो रणनीति कार्यान्वयन गर्दा थप आर्थिक दायित्व हुने देखिन्छ । सोको लागि संघ, प्रदेश, स्थानीय सरकार र साझेदारी संघ संस्थाहरू मार्फत वित्तिय स्रोतको सुनिश्चितता गरिनेछ ।

दाँत मुख स्वास्थ्य सम्बन्धी समस्यालाई महत्व नदिने वा प्राथमिकतामा नराख्ने र जटिलता नभएसम्म दन्त परीक्षण तथा उपचार नगराउने परिस्थितिमा तथ्यमा आधारित जनचेतनामुलक कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुँदा मुख स्वास्थ्य समस्याको नियन्त्रणको सुनिश्चिततामा कठिनाई हुने देखिन्छ । यसको समाधानका लागि मुख स्वास्थ्य सेवा सम्वन्धी विभिन्न सरोकारवालाहरूसँग सहकार्य, समन्वय गरी निरन्तर पैरवी गरिनेछ ।

## १२.विविध

यो रणनीति कार्यान्वयन लगायत मुख स्वास्थ्य सम्बन्धी मार्ग निर्देशन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहेको गुणस्तर सुधार समितिले नेतृत्वदायी भूमिका खेल्नेछ । प्रदेश तथा स्थानीय तहमा रहेका तथा स्वास्थ्य संस्थामा रहेका गुणस्तर सुधार समितिले कार्यान्वयन सहजिकरण गर्नेछन् । यो रणनीतीको कार्यान्वयनको लागि आवश्यक लागत अनुमान सहितको कार्ययोजना तर्जुमा गरी लागु गरिनेछ ।

## १३. नीति सन्दर्भ


१. नेपालको संविधान २०७२
२. जनस्वास्थ्य सेवा ऐन २०७५
३. जनस्वास्थ्य सेवा नियमावली २०७७
४. राष्ट्रिय स्वास्थ्य नीति २०७६
५. स्वास्थ्य प्रवर्धन सम्बन्धी राष्ट्रिय मुख स्वास्थ्य नीति (२०७०)
६. नेपाल स्वास्थ्य रणनीतिक योजना (२०७९/८० - २०८७/८८)
७. विश्व स्वास्थ्य संगठनको दक्षिण-पूर्वी एसिया क्षेत्रको मुख स्वास्थ्य रणनीति (२०२२-२०३०)
८. नेपालको स्वास्थ्य जनशक्ति सम्वन्धी राष्ट्रिय रणनीति २०७७/७८ -२०८६/८७
९. नेपाल क्यान्सर रोकथाम रणनीति (२०२४-२०३०)
१०. WHO country profile (2019)
११. Draft Global Oral Health Action Plan (2023-2030)

# अनुसूचीहरू

# अनुसुची १

## ८.१ मुख स्वास्थ्य क्षेत्रको सुशासन, नेतृत्व तथा श्रोतहरूको परिचालन गर्नु

| रणनीति | रणनीतिक कार्यहरू | ल क्ष्य त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.१.१ मुख स्वास्थ्य नियमन तथा व्यवस्थापनको लागि स्वास्थ्य सेवा विभाग अन्तर्गत छुट्टै मुख स्वास्थ्य शाखाको स्थापना गर्ने ।** | क) आवश्यक नीति, प्राविधिक, निगरानी, व्यवस्थापन र समन्वय प्रदान गर्न संघ, प्रदेशमा शाखा र स्थानीय तहमा मुख स्वास्थ्य ईकाईको स्थापना गरिनेछ । | २०८४ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>सामाजिक विकास मन्त्रालय प्रदेश स्वास्थ्य मन्त्रालय |
| | ख) मुख स्वास्थ्य नियमन तथा व्यवस्थापनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले व्यवस्था गर्नेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | ग) मुख स्वास्थ्य सेवाका लागि संघ, प्रदेश र स्थानीयतहमा आवश्यक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>सामाजिक विकास मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय |
| **८.१.२ राष्ट्रिय मुख स्वास्थ्य नीतिको विकास, अद्यावधीक गर्दै कार्यान्वयन गर्ने ।** | क) राष्ट्रिय मुख स्वास्थ्य नीतिको विकास र विद्यमान नीतीको अद्यावधिक र समीक्षा गरिनेछ । | २०८४ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | ख) मुख स्वास्थ्य नीतिलाई कार्यान्वयन गर्नका लागि योजनाहरू बनाइनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | ग) मुख स्वास्थ्य नीति कार्यान्वयनका लागि वार्षिक बजेट सुनिश्चित गरिनेछ । | | राष्ट्रिय, योजना आयोग<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>अर्थ मन्त्रालय |
| | घ) राष्ट्रिय मुख स्वास्थ्य रणनीति सम्बन्धमा तिनै तहमा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ । | | उपचारात्मक सेवा महाशाखा |
| | ङ) निजी, सरकारी तथा सामुदायमा आधारित मुख स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय, स्थानीय तह |
| | च) संघ, प्रदेश, स्थानीय मातहतका स्वास्थ्य संस्थाहरूलाई व्यवसायिक तथा सामाजिक उत्तरदायित्व र जिम्मेवारीको सुनिश्चितता गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>नागरिक समाज संस्थाहरू |

| रणनीति | रणनीतिक कार्यहरू | ल f क्ष I त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.१.३ दक्ष मुख स्वास्थ्य जनशक्तिको परिचालन तथा प्रक्षेपण गर्ने ।** | क) आवश्यकताको आधारमा मुख स्वास्थ्य क्षेत्रका लागि दक्ष स्वास्थ्य जनशक्तिको प्रक्षेपण गरी सम्बन्धित निकायसँग समन्वय गरिनेछ । | २०८४ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| | ख) मुख स्वास्थ्य जनशक्तिको उत्पादनसंग सम्बन्धित पाठ्यक्रमको आवधिक परिमार्जनका लागि चिकित्सा शिक्षा आयोग, सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदसँग सहकार्य गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय राष्ट्रिय योजना आयोग शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| | ग) आवश्यक विधाका मुख स्वास्थ्यकर्मीको पहिचान गरी सोही अनुसार जनशक्ति उत्पादन गर्न शैक्षिक संस्था र सम्बन्धित परिषदसँग समन्वय गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | घ) मुख स्वास्थ्य जनशक्ति अभिलेख अद्यावधिक गरी प्रचलित मापदण्ड अनुसार जनशक्ति व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय नागरिक समाज संस्थाहरू |
| **८.१.४ मुख स्वास्थ्य सेवालाई सदृढ गर्नका नियमित समय सापेक्ष बजेट व्यवस्थापनको सुनिश्चितता गर्ने** | क) मुख स्वास्थ्य सेवा व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानिय तहमा नियमित वार्षिक बजेटको व्यवस्था गरिनेछ । | २०८२ | अर्थ मन्त्रालय |
| | ख) मुख स्वास्थ्य विकासको लागि चिनीयुक्त पेय पदार्थ (sugar-sweetened beverages) मा कर लगाई मुख स्वास्थ्य कार्यक्रममा उपयोग गरिनेछ र यसको प्रयोग निरुत्साहित हुने प्रकारका जनचेतनामूलक कार्यक्रमहरूमा गरिनेछ । | | अर्थ मन्त्रालय |
| | ग) सुर्तीजन्य पदार्थमा लगाईएको स्वास्थ्य करबाट ओंठ र मुख क्यान्सरको रोकथाम, नियन्त्रण र उपचार गर्न बजेटको सुनिश्चत गरिनेछ । | | अर्थ मन्त्रालय |

# अनुसुची २

## ८.२ मुख स्वास्थ्यको प्रबर्द्धन, रोकथाम र जोखिम न्यूनीकरण गर्नु

| रणनीति | रणनीतिक कार्यहरू | लक्षित मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.२.१मुख सम्बन्धी रोगको रोकथाम ,जोखिम न्यूनीकरण, मुख स्वास्थ्य प्रवर्द्धन सम्बन्धी राष्ट्रव्यापी सार्वजनिक कार्यक्रमको विकास गरी कार्यान्वयन गर्ने** | क) जोखिम तत्वको विश्लेषण गर्दै तथ्यमा आधारित योजना र व्यवस्थापन सहितको एकीकृत मुख स्वास्थ्य कार्यक्रमहरू तयार गरिनेछ । | २०८४ | नीति योजना अनुगमन महाशाखा, उपचारात्मक सेवा महाशाखा |
| | ख) दाँतमा हुने क्षय रोक्न फ्लोराइडको उचित प्रयोगलाई सहज बनाउन आवश्यक अनुसन्धान सहित नीति र नियम बनाई लागु गरिनेछ । | | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् |
| | ग) सुर्तिजन्य पदार्थ, मदिरा एवम् जनस्वास्थ्यका दृष्टिकोणले हानिकारक वस्तु प्रयोग भएका तयारी पेय तथा खाद्यपदार्थमा स्वास्थ्य कर लगाई उपभोगलाई निरुत्साहित गरिनेछ । | | अर्थ मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र |
| | घ) ओठ तथा मुख क्यान्सरको उच्च जोखिम पदार्थ जस्तै सुर्तिजन्य पदार्थ, सुपारी र विद्युतीय चुरोट (भ(अष्नबचभततभ), भ्यापिङ तथा अन्य उपयोगलाई निरुत्साहित गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरू ल्याईनुको साथै राष्ट्रिय क्यान्सर रोकथाम रणनीति २०२४-२०३० वमोजिम गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा ,सूचना तथा सञ्चार केन्द्र |
| | ङ) अत्याधिक चिनीभएको तथा अस्वस्थकर खानालाई निरुत्साहित गर्दै नीति नियमहरू कार्यान्वयन गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा ,सूचना तथा सञ्चार केन्द्र,<br>गृह मन्त्रालय |
| | च) सुर्तिजन्य पदार्थको सेवनलाई, नियन्त्रण तथा निरुत्साहित गर्न सचेतना मुलक र नियमनकारी प्रावधानको कार्यान्वयन गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र,<br>परिवार कल्याण महाशाखा, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |

| रणनीति | रणनीतिक कार्यहरू | लक्षित मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.२.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रममा मुखस्वास्थ्य कार्यक्रम समावेश गराउने** | क) मुख स्वास्थ्यको रोगको हेरचाह, मुख सम्बन्धी रोगको रोकथाम, उपचार र पूर्नस्थापनालाई नियमित स्वास्थ्य परीक्षण कार्यक्रममा एकीकृत गरिनेछ । | २०८४ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र,प्रादेशिक तालिम केन्द्र, |
| | ख) समुदाय र विद्यालय स्तरमा मुख स्वास्थ्य प्रवर्धन कार्यकक्रमहरू संचालन गरिनेछ । जस्तैः सर्वसुलभ फ्लोराइडयुक्त मञ्जन तथा ब्रसको प्रयोग, pit & fissure sealant, ART कार्यक्रमको व्यवस्थापन तथा प्रवर्धन गरिनेछ) । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | ग) जेष्ठ नागरिकको मुख स्वास्थ्यको हेरचारको लागि जेष्ठ नागरिक मुख स्वास्थ्य कार्यक्रम साथै अन्य स्वास्थ्य कार्यक्रमहरूमा एकीकृत गरिनेछ । | | नीति योजना अनुगमन महाशाखा, उपचारात्मक सेवा महाशाखा |
| | घ) ओठ तथा मुख क्यान्सरको जोखिम जनसंख्या स्क्रिनिङ्ग, निदान, उपचार र प्रेषण (Referral) को व्यवस्था गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | ङ) सरकारी क्यान्सर अस्पतालमा दाँत तथा मुख विधाको सम्बन्धित विज्ञहरूद्धारा उपचार तथा पूनर्स्थापना सेवा प्रदान गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग |
| | च) गर्भवती महिला, बालबालिका तथा जेष्ठ नागरिक लक्षित मुख स्वास्थ्य कार्यक्रमहरूको विकास र विस्तार गरिनेछ । | | स्वास्थ्य सेवा विभाग |

| रणनीति | रणनीतिक कार्यहरू | लक्षित मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.२.३ विद्यालय, कार्यस्थल र समुदायहरूमा मुख स्वास्थ्य प्रवर्द्धन गर्ने वातावरणलाई सुदृढ तथा विस्तार गर्ने** | क) समुदाय स्तरमा मुख स्वास्थ्यमा आधारित कार्यक्रमहरूको प्रवर्द्धन गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय प्रदेश नीति तथा योजना आयोग |
| | ख) विद्यालय स्वास्थ्य शिक्षाको सहकार्यमा दाँत माभ्ने, फ्लोराइडको उचित प्रयोग, मुख स्वास्थ्यको हेरचाह सम्बन्धी कार्यक्रमको सुरुवात एवम् निरन्तरता दिईनेछ । | | स्वास्थ्य सेवा विभाग |
| | ग) विद्यालयमा दैनिक दिवा खाजा पछि फ्लोराइडयुक्त मन्जन र ब्रसले दैनिक दाँत माभ्ने व्यवहारको विकासका लागी सहभागिता मुलक कार्यक्रमहरू देशभर विस्तार गरिनेछ । | | स्वास्थ्य सेवा विभाग |
| | घ) विद्यालय,कार्यस्थलमा सूर्तिजन्यपदार्थ, चुरोट, मदिराको सेवनको प्रतिवन्धलाई सशक्त बनाउदै यसको प्रयोगलाई निरुत्साहित गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>गृह मन्त्रालय |
| | ङ) शिक्षा क्षेत्रको सहकार्यमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रममा मुख स्वास्थ्यलाई एकिकृत गरिनेछ । | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| | च) स्वास्थ्य संस्था, विद्यालय, कार्यस्थल र अन्य सार्वजनिक स्थलहरूमा मुख स्वास्थ्य प्रवर्द्धनका क्रियाकलापहरूलाई सञ्चार माध्यमबाट प्रचार प्रसार गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| | छ) मुख स्वास्थ्य सम्बन्धी प्रवर्धनात्मक सामाग्री विद्यालय पाठ्यक्रममा समावेश गरि समयसापेक्ष परिमार्जन गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |

# अनुसूची ३

## ८.३ मुख स्वास्थ्यको सर्वव्यापी पहुँचको लागि सम्बन्धित जनशक्ति व्यस्थापन तथा परिचालन गर्नु

| रणनीति | रणनीतिक कार्यहरू | ल ि क्ष ा त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.३.१ मुख स्वास्थ्यकर्मीहरूलाई राष्ट्रिय स्वास्थ्य कार्यदलमा सशक्त बनाई परिचालन गर्ने** | क) रोगको भार, नागरिकको आवश्यकता र उपलब्ध स्रोतको आधारमा मुख स्वास्थ्य कार्यदलको स्थापना गरिनेछ । | २०८४ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | ख) आवश्यकता अनुसार कन्सल्टेन्ट डेण्टल सर्जन, कन्सल्टेन्ट डेन्टल स्पेसलिस्ट, दन्त चिकित्सक, डेण्टल हाईजिनिष्टर अन्य दन्त स्वास्थ्यकर्मीको पद दरबन्दी अनुसार सृजना र वृद्धि गरिनेछ । | २०८५ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय |
| | ग) मुख स्वास्थ्य सम्बन्धी जनशक्ति समान उपलब्धता र सेवा विस्तार सुनिश्चित गर्न दन्त स्वास्थ्य शिक्षण संस्थाहरू र व्यवसायिक संस्थाहरूको समन्वयलाई सुदृढ गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | घ) मुख स्वास्थ्य सेवा र कार्यदलको समानुपातिक वितरण भएको सुनिश्चितता गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | ङ) आधारभूत अस्पतालमा दन्तचिकित्सक सहित दन्त स्वास्थ्यकर्मीको उपलब्धता सुनिश्चित गरिनेछ | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | च) संघिय अस्पतालमा Chief Consultant Dental Surgeon, Senior/Consultant Dental Surgeon, Consultant Dental Specialist, Dental Surgeon, Dental Hygienist र अन्यदन्त स्वास्थ्यकर्मीको उपलब्धता सुनिश्चित गरिनेछ । | २०८६ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>नीति योजना अनुगमन महाशाखा,<br>उपचारात्मक सेवा महाशाखा |
| | छ) प्रदेश अस्पतालमा Senior/Consultant Dental Surgeon, Consultant Dental Specialist , Dental Surgeon, Dental Hygienist र अन्य दन्त स्वास्थ्यकर्मीको उपलब्धता सुनिश्चित गरिनेछ । | | प्रदेश स्वास्थ्य मन्त्रालय<br>नीति योजना अनुगमन महाशाखा,<br>उपचारात्मक सेवा महाशाखा |

| रणनीति | रणनीतिक कार्यहरू | ल क्षि त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| | ज) सेवाप्रदायकले तोकिएका कार्यस्थलमा निरन्तर सेवाप्रदान गर्ने वातावरण सृजना गर्न तीनै तहमा सम्यन्वय गरिनेछ । | २०८२ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय स्थानीय तह |
| | झ) मुख स्वास्थ्य सम्बन्धि तालिमका पाठ्यक्रम विकास, अध्यावधिक गरी तालिम संचालन गरिनेछ । | २०८४ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र<br>प्रदेश स्वास्थ्य तालिम केन्द्र |
| | ञ) स्वास्थ्यकर्मीहरूलाई मुख स्वास्थ्यका विविध पक्षबारे परिचयात्मक अभिमुखिकरण कार्यक्रम प्रदान गरिनेछ । | २०८३ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्र, उपचारात्मक सेवा महाशाखा |
| **८.३.२ दन्त स्वास्थ्यकर्मीहरूलाई परिभाषित गरी प्रभावकारी मोडेल डिजाइन गर्दै अभ्यासको दायरा विकास गर्ने** | क) दन्तचिकित्सक (Chief/Senior/Consultant Dental Surgeon, Consultant Dental Specilalist / Dental Surgeon), Dental Hygienist तथा अन्य दन्त स्वास्थ्यकर्मी,मुख स्वास्थ्यप्रदायक, समुदायआधारित स्वास्थ्यकर्मीहरूको सिप मिश्रण गरी प्रभावकारी कार्यबलको मोडेल डिजाइन गरिनेछ । | २०८४ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय<br>प्रदेश नीति तथा योजना आयोग |
| | ख) मुख स्वास्थ्यकर्मीहरूको कार्य परिभाषित गरी मुख स्वास्थ्य कार्यक्रममा परिचालन गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय<br>प्रदेश नीति तथा योजना आयोग |
| **८.३.३ सार्वजनिक र निजी स्वास्थ्य प्रदायक सस्थाहरूलाई एकीकृत गरी प्रभावकारी आधारभूत मुख स्वास्थ्य सेवाका कार्यक्रमहरूको स्थापना गर्ने ।** | क) निजी दन्त शिक्षण संस्था, स्वास्थ्य प्रतिष्ठान र अन्यसँग सहकार्य गरी स्थानियतह, आधारभूत स्वास्थ्य केन्द्रसम्म दन्त स्वास्थ्यकर्मीहरूको उपलब्धता सुनिश्चित गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>स्वास्थ्य सेवा विभाग प्रदेश स्वास्थ्य मन्त्रालय स्थानीय तह |

## अनुसुची ४

### ८.४. मुख स्वास्थ्यको सर्वव्यापी पहुँचका लागि मुख स्वास्थ्य सम्बन्धी आवश्यक सेवाहरूको व्यवस्था गर्ने

| रणनीति | रणनीतिक कार्यहरू | ल ि क्ष ा त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.४.१ मुख स्वास्थ्य सम्वन्धी आवश्यक सेवालाई आधारभूत स्वास्थ्य सेवामा एकिकृत गर्ने** | क) एकिकृत मुख स्वास्थ्य कार्यक्रमहरू र यसलाई आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरी संघ प्रदेश र स्थानीय तहसम्म गुणस्तरीय तथा समता मूलकमुख स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गरिनेछ। | २०८५ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय प्रदेश स्वास्थ्य मन्त्रालय स्थानीय तह |
| | ख) आधारभूत स्वास्थ्य सेवा केन्द्रमा मुख स्वास्थ्य सेवाको उपलब्धताको सुनिश्चितता कायम गर्दै Out Reach Clinic, घुम्ती क्लिनिक आदि मार्फत पहुँच बाहिरका नागरिक सम्म मुख स्वास्थ्य सेवा पुर्‍याईनेछ। | २०८३ | प्रदेश स्वास्थ्य मन्त्रालय स्थानीय तह |
| | ग) प्रतिजैविक प्रतिरोधि (Antimicrobial resistance) न्यूनिकरण हुने गरी मुख स्वास्थ्य उपचार सम्बन्धी निर्देशिका तथा प्रोटोकल अद्यावधिक गरिनेछ। | | औषधी व्यवस्था विभाग, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य सेवा विभाग, नेपाल मेडिकल काउन्सिल |
| | घ) मुख स्वास्थ्य सेवाको दायरा वृद्धि गर्न सार्वजनिक र निजी साझेदारीलाई विस्तार गरिनेछ। | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय प्रदेश स्वास्थ्य मन्त्रालय स्थानीय तह |
| | ङ) सार्वजनिक निजी साझेदारी नीति अनुरुप दन्त शिक्षण संस्थाहरूलाई संघ प्रदेश र स्थानीय तहको जिम्मेवारी तोकी समुदायस्तरमा कार्य गर्न अभिप्रेरित गरिनेछ। | २०८४ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग |
| | च) सेवाको पहुँच नपुगेका वर्ग तथा क्षेत्र लक्षित गरी विभिन्नतहका अस्पतालबाट मुख स्वास्थ्य सेवा प्रवाह सम्बन्धी आवधिक शिविरको व्यवस्थापन गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय प्रदेश स्वास्थ्य मन्त्रालय उपचारात्मक सेवा महाशाखा स्थानीय तह |
| | छ) ज्येष्ठ नागरिक, विपन्न, लैङ्गिक हिंसा पिडित, लैङ्गिकतथा यौनिक अल्पसंख्यक, सीमान्तकृत लगायतका लक्षित वर्गको विशेष स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्ने गरी मुख स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू कार्यन्वयन गरिनेछ। | २०८७ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय प्रदेश स्वास्थ्य मन्त्रालय स्थानीय तह |

| रणनीति | रणनीतिक कार्यहरू | ल ि क्ष ा त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| | ज) संघमा सुविधा सम्पन्न विशेषज्ञ मुख स्वास्थ्य सेवाप्रदान गर्ने प्रेषण (Referral) दन्त अस्पतालको स्थापना गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| **८.४.२ तथ्य माआधारीत प्रभावकारी मुख स्वास्थ्य उपचारको प्याकेज परिभाषित गर्ने** | क) आधारभूत स्वास्थ्य सेवालाई कार्यान्वयन गर्दै आवश्यक मुख स्वास्थ्य सेवा लाई परिभाषित गरी प्राथमिकतामा राखिनेछ । | २०८४ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>स्वास्थ्य सेवा विभाग |
| | ख) स्वास्थ्य बीमा कार्यक्रममा मुख स्वास्थ्य सम्वन्धी आवश्यक सेवाको विस्तार गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>स्वास्थ्य सेवा विभाग |
| | ग) आपत्कालीन मुख स्वास्थ्य समस्यालाई परिभाषित गरी स्थानीयतहका स्वास्थ्य संस्थाहरूमा आपत्कालीन मुख स्वास्थ्य समस्याहरूको उपचार र प्रेषण (Referral) को व्यवस्था गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>प्रदेश स्वास्थ्य मन्त्रालय<br>स्थानीय तह |
| **८.४.३ मुख स्वास्थ्य सम्बन्धी औषधीहरूको पहुँच/उपलब्धता सूनिश्चित गर्ने** | क) मुख स्वास्थ्य सम्बन्धी आवश्यक औषधीहरूको सूची तयार गरी अत्ति आवश्यक औषधी आधारभूत सूचीमा समावेश भएको सुनिश्चिता र समय सापेक्ष सूची अद्यावधिक गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>औषधी व्यवस्था विभाग, स्वास्थ्य सेवा विभाग |
| | ख) उपयुक्त मापदण्ड पर्यवेक्षण र नियमन मार्फत मुख स्वास्थ्य सम्बन्धी औषधी र औषधीजन्य पदार्थको गुणस्तर सुनिश्चित गरिनेछ (जस्तैः फ्लोराईडयुक्त मञ्जन) । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>औषधी व्यवस्था विभाग, स्वास्थ्य सेवा विभाग |

## अनुसुची ५

### ८.५ मुख स्वास्थ्य सेवा सम्बन्धी निगरानी, अनुगमन तथा मुल्यांङ्कन गर्नु

| रणनीति | रणनीतिक कार्यहरू | ल ि क्ष ा त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.५.१ मुख स्वास्थ्य सेवा सम्बन्धी तथ्याङ्कलाई एकिकृत र सुदृढ गर्ने** | क) सार्वजनिक र निजी स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको सूचना समेट्ने गरी मुख स्वास्थ्य सम्बन्धी तथ्याङ्कलाई एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (IHMIS) मा एकीकृत र विस्तार गरिनेछ । | २०८४ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, व्यबस्थापन महाशाखा |
| | ख) डिजिटल प्रविधिमा आधारित सूचना प्रणालीहरू मार्फत तथ्याङ्क संकलन, विश्लेषण, अभिलेखिकरण र प्रयोगमा सबै तहमा क्षमता बढाइनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, व्यबस्थापन महाशाखा |
| | ग) मुख स्वास्थ्य सम्बन्धी सेवाहरूको तथ्याङ्कमा आधारित वार्षिक समीक्षा र समीक्षाबाट प्राप्त हुने तथ्याङ्कको अधिकतम प्रयोग गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| | घ) राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र (NHEICC) मार्फत मुख रोग सम्बन्धी रोकथाम र मुख स्वास्थ्य सम्बन्धी जनचेतना मूलक कार्यक्रम समुदाय स्तरसम्म प्रचार प्रसार गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |

| रणनीति | रणनीतिक कार्यहरू | ल ि क्ष ा त मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.५.२. मुख स्वास्थ्य सेवा सम्बन्धी सामाग्रीको उत्पादन, निगरानी, अनुगमन र गुणस्तरको सुनिश्चित गर्ने** | क) मुख स्वास्थ्य सम्बन्धी अत्यावश्यक औषधि र स्वास्थ्यजन्य सामाग्रीको स्वदेशमै उत्पादन, प्रवर्धन र विस्तार गर्न प्रोत्साहन गरिनेछ । | २०८६ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय औषधी व्यवस्था विभाग, स्वास्थ्य सेवा विभाग राष्ट्रिय योजना आयोग |
| | ख) मुख स्वास्थ्यमा प्रयोग हुने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको उत्पादन सम्बन्धी अनुसन्धान र विकासलाई प्राथमिकता दिईनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय औषधी व्यवस्था विभाग, स्वास्थ्य सेवा विभाग राष्ट्रिय योजना आयोग |
| | ग) मुख स्वास्थ्य सम्बन्धी औषधि तथा औषधि जन्य सामाग्री उत्पादनमा नियमित अनुगमन र गुणस्तरको सुनिश्चित गर्न सम्बन्धीत निकायसँग समन्वय गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयउद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय औषधी व्यवस्था विभाग, स्वास्थ्य सेवा विभाग राष्ट्रिय योजना आयोग |

## अनुसुची ६

### ८.६. मुख स्वास्थ्य सेवा सम्बन्धी अनुसन्धान नविनतम प्रविधिहरू तथा उदीयमान चुनौतिहरूको व्यवस्थापन गर्नु

| रणनीति | रणनीतिक कार्यहरू | लक्षित मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.६.१.मुख स्वास्थ्य अनुसन्धानलाई सुदृढ गर्ने ।** | क) मुख स्वास्थ्य अनुसन्धानलाई प्राथमिकतामा राखी अनुसन्धान कार्यलाई प्रोत्साहन गरिनेछ । | २०८३ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग नेपाल स्वास्थ्य अनुसन्धान परिषद् |
| | ख) मुख स्वास्थ्य अनुसन्धानलाई सशक्त बनाउन दन्त चिकित्सा सम्बन्धी स्नातक र स्नातकोत्तरको शिक्षा र तालिममा मुख स्वास्थ्य सम्बन्धी अनुसन्धान समावेश र अभिवृद्धि गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग नेपाल स्वास्थ्य अनुसन्धान परिषद् |
| | ग) मुख स्वास्थ्य सम्बन्धी रोगको राष्ट्रिय सर्वेक्षण हरेक ५ वर्षमा संचालन गरिनेछ । | | राष्ट्रिय योजना आयोग, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् |
| | घ) मुख स्वास्थ्य सम्बन्धी सूचना आदान प्रदान तथा अनुसन्धान क्षमता अभिवृद्धि गर्न, राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थासँग सहकार्य गरिनेछ । | | राष्ट्रिय योजना आयोग, स्वास्थ्य सेवा विभाग |
| | ङ) जनगणनामा दाँत तथा मुख सम्बन्धी महत्वपूर्ण सूचकहरू समावेश गरिनेछ । | | राष्ट्रिय योजना आयोग (केन्द्रिय तथ्यांक बिभाग) |
| | च) स्वास्थ्य क्षेत्रका राष्ट्रिय सर्वेक्षण जस्तै नेपाल स्वास्थ्य तथा Nepal Demographic Health Survey (NDHS), Nepal Health Facility Surve (NHFS) मा दाँत तथा मुख सम्बन्धी सूचकहरू समावेश गरिनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, |
| | छ) मुख स्वास्थ्य प्रवर्धनको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद संग समन्वय गरी अनुसन्धान गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ । | | उपचारात्मक सेवा महाशाखा |

| रणनीति | रणनीतिक कार्यहरू | लक्षित मिति | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|
| **८.६.२ मुख स्वास्थ्य सेवा केन्द्रित डिजिटल उपकरण तथा प्रणालीको विकास गर्ने** | क) राष्ट्रिय नीति,नियम र सेवाहरूमा टेलिडेन्टिष्ट्रि (Teledentistry) जस्ता डिजिटल आविष्कारहरूलाई समावेश गरिनेछ । | २०८६ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग प्रदेश स्वास्थ्य मन्त्रालय |
| | ख) टेलिडेन्टिष्ट्रि सेवालाई टेलिमेडिसिनमा एकिकृत गरि संचालनमा ल्याईनेछ । | | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग प्रदेश स्वास्थ्य मन्त्रालय |
| | ग) प्रचलित कानुन अनुसार तथ्याङ्कको गोपनीयता र सुरक्षाको सुनिश्चितता गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| **८.६.३ मुख स्वास्थ्य क्षेत्रलाई सुदृढ बनाउन नयाँ उदयमान तथा अन्तर सम्बन्धित विषयहरूलाई सम्बोधन गर्ने ।** | क) संक्रमण, रोकथाम र नियन्त्रणका लागि विद्यमान तथा प्रचलित Infection Prevention and Control, (IPC) निर्देशिकाहरू कार्यन्वयन भएको सुनिश्चित गरिनेछ । | २०८६ | संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग |
| | ख) मुख स्वास्थ्य उपचारमा प्रयोग हुने शुक्ष्म प्रतिजिवी (Anti microbial) औषधीको अनुचित प्रयोगबाट हुने नकारात्मक असर बारे सचेतनाका कार्यक्रम संचानल गरिनेछ । | | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| | ग) भविष्यमा हुनसक्ने महामारीको समयमा मुखसेवा सुनिश्चित गर्न महामारीको पूर्व तयारी र प्रतिक्रिया (Response) को लागि मुख स्वास्थ्यका योजनाहरू तयार गरिनेछ । | | नीति योजना अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | घ) महामारी वा अन्य आपतकालीन र प्रकोपमा मुख स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गरिनेछ । | | नीति योजना अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
उपचारात्मक सेवा महाशाखा